गैरआवासीय नेपली संघ

र

कमलामाई नगरपालिका सिन्धुली, बीच भएको

सहमति पत्र

गैरआवासीय नेपली संघ र कमलामाई नगरपालिका, सिन्धुली बीच सिन्धुलीगढी जिर्णोद्धार एवम् पुनर्निर्माण गुरुयोजना तयार पार्ने सम्बन्धमा दुवै पक्षले तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो सहमति पत्रमा हस्ताक्षर गरि लियौं दियौं ।

पृष्ठभूमी :

आधुनिक नेपालको २५० वर्ष लामो ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको सिन्धुलीगढी सिन्धुली जिल्लाको उत्तरी भागमा पर्दछ । उक्त गढी साबिकको जलकन्या चपौली गाविस वडा नं १ र हालको कमलामाई नगरपालिकाको उत्तरी भेगमा अवस्थित छ । पहाडको खोचमा जंगलको मध्य भागमा अवस्थित यस स्थलमा ठुलो गढी, सानो गढी र पौवा गढी गरी तीन वटा संरचना रहेका छन् । ती सबै संरचनाको अवस्था निकै कमजोर रहेको छ । महत्वपूर्ण इतिहास बोकेको सिन्धुलीगढीको संरक्षण गर्नु आम नागरिक र सरकारको जिम्मेवारी हो । सिन्धुली गढी पुननिर्माण अत्यन्त जरुरी छ र यसका साथसाथै यसको गुरुयोजना बनाउँदा ऐतिहासिक, सांस्कृतीक महत्वको संरक्षणलाई प्राथमिकता दिनु पर्दछ । सो जिम्मेवारी मनन गरी नेपालीका लागी नेपालीलाई आदर्श वाक्यको रुपमा प्रयोग गर्दै आएको गैरआवासीय नेपाली संघ र स्थानिय सरकारको भूमिका निभाइरहेको कमलामाई नगरपालिका बिच सिन्धुली गढी जिर्णोद्धार एवम् पुनर्निर्माण गुरुयोजना निर्माण सम्बन्धमा सहकार्य गर्ने सहमति भएको छ ।

सम्झौताका शर्तहरु :

१. हाल जिर्ण अवस्थामा रहेको सिन्धुली गढीको ऐतिहासिक महत्व पुनर्स्थापना गर्ने उद्देश्यले बृहद् गुरुयोजना गैरआवासीय नेपाली संघले तयार पार्ने छ ।

२. गैरआवासीय नेपाली संघले गुरुयोजना निर्माण गर्दा सिन्धुली गढीको प्राचीन ऐतिहासिकताका साथै मौलिकता यथावत राख्न प्रयास गर्नेछ ।

३. गुरुयोजना निर्माण गर्ने क्रममा कमलामाई नगरपालिका र गैरआवासीय नेपाली संघबीच निरन्तर समन्वय गरिनेछ । आवश्यक पर्ने कानुनी तथा व्यावहारिक पक्षको समन्वय कमलामाई नगरपालिकाले गर्ने छ ।

४. गुरुयोजना निर्माण गर्नको लागि गैरआवासीय नेपाली संघले आवश्यक पर्ने परामर्शदाता चयन गरी यस कार्यमा लाग्ने खर्चको व्यवस्थापन गर्नेछ ।

५. उपरोक्त गुरुयोजना सम्झौता भएको मितिदेखि बढीमा ६ महिनाभित्रमा गैरआवासीय नेपाली संघले, कमलामाई नगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने छ। उक्त गुरुयोजनालाई कमलामाई नगरपालिकाले सिन्धुली गढीको स्वामित्व ग्रहण गरी भविष्यमा गरिने पुर्ननिर्माणको आधार बनाउने छ।

६. सम्झौता पत्र कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई द्विविधा भएमा एक आपसमा छलफल गरी निराकरण गरिनेछ।

**गैर आवासीय नेपाली संघको तर्फबाट**

नाम : भवन भट्ट
पद : अध्यक्ष,
गैरआवासीय नेपाली संघ।

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

**कमलामाई नगरपालिकाको तर्फबाट**

०७४।१०।४

नाम : खड्गबहादुर खत्री
पद : मेयर,
कमलामाई नगरपालिका, सिन्धुली।

वि.सं. २०७४ साल माघ महिना ४ गते रोज ५ शुभम्।